**सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूले**

**महालेखा परीक्षकको ५९औं वार्षिकोत्सव मूल समारोहमा गर्नुभएको सम्बोधन**

**प्रज्ञा भवन, कमलादी, काठमाडौं**

समारोहका सभापति महालेखा परिक्षक,

माननीय अर्थमन्त्री,

सम्बैधानिक निकायका प्रमुखहरु,

नेपाल सरकारका मुख्य सचिव

व्यवस्थापिका संसदका महासचिव,

महान्यायाधिवक्ता,

रायिष्ट्र योजना आयोगका पदाधिकारीहरु,

संघसस्था तथा वोर्डका प्रमुखहरु,

सुरक्षा निकायका प्रमुखहरु,

राष्ट्रसेवक कर्मचारीहरु,

भद्रमहिला तथा सज्जनवृन्द !

सार्वजनिक आर्थिक कारोबारमा स्वच्छता, पारदर्शिता, विश्वसनियता, जवाफदेहिता र अनुशासन प्रबर्द्धन गराउने गहन संवैधानिक दायित्व र जिम्मेवारी पाएको महालेखा परीक्षकको ५९ औं वार्षिकोत्सव समारोह आयोजना गरेकोमा महालेखा परीक्षकको कार्यालयलाई धन्यवाद दिँदै कार्यक्रम सफलताको शुभकामना दिन चाहन्छु ।

आजको दिनलाई आफ्नो ५८ वर्ष लामो लेखापरीक्षण कार्यको अनुभवको समीक्षा गरी सकारात्मक पक्षलाई आगामी दिनका निमित्त पूँजीकृत गर्ने र कर्तव्य पालनाका शिलशिलामा देखिएका कमीकमजोरीलाई हटाई लेखापरीक्षण विधि र तरिकालाई अझ समृद्ध र सुदृढ पार्ने महत्वपूर्ण अवसरका रुपमा सदुपयोग गर्नुपर्ने विषयतर्फ सम्बद्ध सबैको ध्यान आकृष्ट गराउन चाहन्छु ।

महालेखा परीक्षकको कार्यालयले दिगो विकास र स्वच्छ वातावरण, सार्वजनिक सेवा प्रवाह र नियमन, उत्पादन तथा उत्पादकत्व वृद्धि, सामाजिक सेवा र जनस्वास्थ्यका क्षेत्र र सार्वजनिक वित्तीय व्यवस्थापनको सबल र दूर्बल पक्षहरुको विश्लेषण गर्ने, आर्थिक कारोबारका नतिजाहरुमा राय र सुझाव दिने कार्यमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ । सार्वजनिक खर्च तथा स्रोत व्यवस्थापनमा सुशासन र वित्तीय जवाफदेहिताको प्रवर्द्धन गर्न नेपालको संविधानले निर्दिष्ट गरेबमोजिम स्वतन्त्रता, निष्ठा, विश्वसनीयता, व्यावसायिकता र सार्वजनिक हितमा सेवा प्रवाह गर्ने लगायतका मूल्यमान्यताहरुलाई लेखापरीक्षकहरुले आत्मसात गर्नु जरुरी देखिन्छ ।

नेपालको संविधानअनुसार व्यवस्था भएको संघ, प्रदेश तथा स्थानीय तहमा लेखापरीक्षणको बढ्दो क्षेत्राधिकारले महालेखा परीक्षकको दायरा अझ व्यापक भएको छ । संघीय लोकतान्त्रिक गणतन्त्रलाई सुदृढ पार्न महालेखा परीक्षकबाट हुने लेखापरीक्षणको महत्वपूर्ण भूमिका रहेको छ । संविधानले अंगीकार गरेको आर्थिक क्षेत्रका गतिविधिमा स्वच्छता, जवाफदेही र प्रतिष्पर्धा कायम गरी सर्वाङ्गिण राष्ट्रिय विकासलाई प्रोत्साहन र परिचालन गर्न महालेखा परीक्षकको महत्वपूर्ण भूमिका रहने अपेक्षा लिएको छ । लगानीकर्ताको प्रतिफल सुनिश्चित गर्न, लगानीको वातावरण बनाउन, राज्यको आर्थिक प्रशासनलाई पारदर्शी, चुस्त र दरिलो बनाउन महालेखा परीक्षकको महत्वपूर्ण भुमिका हुनेनैछ । संविधानसभाद्वारा निर्मित संविधान जारी भएपछि मुलुकमा रहेको लामो राजनीतिक संक्रमणकाल समाप्त भएको परिप्रेक्ष्यमा जनताको बढ्दो सामाजिक आर्थिक रुपान्तरणको आकांक्षालाई संबोधन गर्न महालेखा परीक्षकको कार्यालयले यथोचित भूमिका निर्वाह गर्नसक्नेछ भन्ने अपेक्षा लिएको छु । संवैधानिक व्यवस्था अनुरुप राज्यको संरचना, राज्य शक्तिको बाँडफाँड, आर्थिक अधिकारको प्रयोग र राजस्व स्रोतको बाँडफाँडलगायत गतिविधिहरु आर्थिक रुपान्तरणतर्फ केन्द्रित भएको वर्तमान सन्दर्भमा मुलुकको आर्थिक प्रशासनलाई उत्तरदायी र जवाफदेही बनाउन महालेखा परीक्षकको चुनौती रहेको छ ।

सार्वभौम नेपाली जनताले तिरेको राजश्व र मित्रराष्ट्र तथा अन्तर्राष्ट्रिय दातृनिकायबाट प्राप्त ऋण, अनुदान र सहयोगबाट जुटेको रकम खर्च गर्दा वित्तिय जवाफदेहिता प्रबर्द्धनका लागि नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा वित्तिय व्यवहारमा कडा अनुशासन पालना गराउनु महालेखा परीक्षकको मुख्य र गहनतम जिम्मेवारी हो । वित्तिय अनुशासनका साथसाथै जनताको जीवनसँग प्रत्यक्ष सरोकार राख्ने काममा भएका लापरवाहीप्रति चुप लागेर बस्ने र त्यसमा जिम्मेवार नहुने प्रवृत्ति सदाका लागि अन्त्य हुनु आवश्यक छ ।

राज्यमा स्रोत साधनको प्राप्ति एवं उपयोग प्रक्रियालाई निगरानी र मार्गदर्शन गर्न लेखापरीक्षण एक कोशेढुङ्गाको रुपमा रहेको छ । सार्वजनिक संस्थान, समिति, कोष, परिषद्‌लगायतका संस्थाको आर्थिक कारोबारबाट हासिल भएको नतिजा विश्लेषण गरी उपलब्धि मापन र वित्तीय अनुशासन कायम गर्न महालेखा परीक्षकको कार्यालयले महत्वपूर्ण योगदान गर्नुपर्ने देखिएको छ । राज्यको स्रोत साधन र कोष सञ्चालन गर्ने सबै निकाय र तिनका पदाधिकारीहरुले जिम्मेवारी र जवाफदेहिता बहन गर्दै वित्तीय अनुशासन पालनामा अग्रणी भूमिका निर्वाह गरी अनियमितता हुनै नपाउँने गरी कार्य गर्ने अपेक्षा लिएको छु ।

महालेखा परीक्षकले प्रत्येक वर्ष वार्षिक प्रतिवेदन बुझाउँदा बेरुजु रकम कहालिलाग्दोरुपमा बढेको देखिएकाले बेरुजुको प्रकृति बमोजिम छिटोभन्दा छिटो फछ्र्यौट गरी वित्तिय नीति र अनुशासनलाई सबल बनाउनु आजको ज्वलन्त आवश्यकता हो भन्ने मैले ठानेको छु । जबसम्म देश भ्रष्टाचारबाट मुक्त हुँदैन तबसम्म मुलुक समृद्ध हुन सक्दैन भन्ने सबैले मनन् गरेकै कुरा हो । वर्तमान विश्वमा भूमण्डलीकरणले तीब्रता लिइरहेको सन्दर्भमा आर्थिक गतिविधिमा समेत बढोत्तरी भइरहेको छ । यस्तो अवस्थामा अन्तर्राष्ट्रिय अनुभवहरुलाई समेत यथोचित ध्यान दिइ ती अनुभवहरुलाई अवलम्बन गर्नुपर्ने हुनसक्छ । यस प्रसंगमा अन्तर्राष्ट्रिय लेखापरीक्षण संस्थाहरुद्वारा जारी गरिएका मापदण्ड तथा असल अभ्यासहरु प्रयोगमा ल्याउन पर्याप्त ध्यान पुऱ्याउनु उपयोगी हुने अपेक्षा गरेको छु ।

सीमित जनशक्ति, प्रविधि र सुविधाको परिधि एवं भौगोलिक कठिनाइका बाबजूद लेखापरीक्षण गरी हासिल गरेका उपलब्धी र सफलता सराहनीय रहेको देखिन्छ ।

अन्तमा, महालेखा परीक्षकले हाल तयार गरेको ६ वर्षे कार्ययोजना २०७४-२०८० मा उल्लेख गरेका कार्यहरु सम्पादन गरी मुलुकको वित्तीय प्रशासनमा जिम्मेवारी र जवाफदेहिता सुनिश्चित गर्दै नतिजामूलक आर्थिक अनुशासन कायम गराउन सफलता मिलोस् भन्ने शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद !

**२०७४ असार १५ गते बिहीबार ।**